विषयसूची (पेज नं. अनुसार)

१	विषयसूचि	१
२	संस्थागत झलक	२
३	परिचय	३
४	कार्यमूलक कार्यक्रमहरु	५
४.१	एचआइभी. रोकथाम, हेरचाह, सहयोग र उपचार कार्यक्रम, चितवन, नवलपरासी पुर्व तथा नवलपरासी पश्चिम (ईपिक परियोजना)	५
४.२	स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रममा प्रविधिक सेवा तथा सामुदायिक परिचालन ,चितवन	८
४.३	दिगो घरवारी बगैंचा पहल कार्यक्रम, प्युठान	९
५	अध्ययन अनुसन्धानात्मक कार्यक्रम	१५
६.	प्रकाशनहरु	१५
७	संस्थाबाट सम्पन्न अन्य कार्यहरु	१५
८	संस्थाको वार्षिक लेखा परिक्षण	१९
९	आ.व. २०८२/०८३ मा सञ्चालित कार्यक्रमहरु	१९
१०	आ.व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम तथा वजेट	२०
११	संस्थाको संगठनात्मक ढांचा	२१

१. संस्थागत झलक

कानुनी अस्तित्व

स्थापना: वि.स. २०५३ (ई.स. १९९७)
दर्ता: जि.प्र.का., चितवन
दर्ता नं : १०३-०५३/०५४
दर्ता मिति: २०५३।१२।२५
स.क.प.आ: २०५६।०४।१४

आधिकारीक संरचना

साधारण सभा : प्रत्येक वर्ष अनिवार्य रुपमा
कार्यसमिति : ९ सदस्यहरु (३ महिला, ४ पुरुष, १ दलित र १ जनजाति)
साधारण सदस्य: ३१ जना

मानब साधन

जम्मा कर्मचारी : २६ (पुरुष- ०९ महिला-१७)
केन्द्रिय कार्यालय : ०५
शाखा कार्यालयहरुमा : २१

कार्यअवधि

वार्षिक साधारण सभा :	प्रत्येक वर्ष
कार्य समितिको कार्यकाल :	तीन वर्ष
कार्य समिति बैठक :	प्रत्येक तीन तीन महिनामा

वर्तमानमा सहकार्य गरिएका साझेदार संस्थाहरु

FHI/EpiC परियोजना
स्थानीय झोलुङ्गे पुल कार्यक्रम (चितवन जिल्लाका सबै गाऊपालिका तथा नगरपालिकाहरु)
दिगो घरबारी बगैचा पहल परियोजना,प्यूठान (SHIP-Pyuthan)

विगतमा सहकार्य गरिएका साझेदार संस्थाहरु

फास्टेनोफर
हेल्भेटास नेपाल
USAID/ FHI-360 Nepal
एशियाली विकास बैंक/अष्ट्रेलियन नेसनल. युनिभर्सिटी
जि.स.स. चितवन
भरतपुर अस्पताल
अक्सफाम जि.वि.
यु.एस.ए.आई.डि.
यु. एन. वुमन
चितवनका सबै गाऊ एवम् नगरपालिकाहरु)

२. परिचय

२.१ संस्थागत परिचय

"**स**हभागी" स्वावलम्वन र सहभागितात्मक विकास पद्धतिमा विश्वास राख्ने र यसै पद्धतिमा लामो कार्यगत अनुभव भएका व्यवसायिक विज्ञहरुद्वारा स्थापित एउटा सामाजिक संस्था हो । यो संस्था जिल्ला प्रशासन कार्यालय चितवनमा २०५३ साल चैत्र २५ गते (सन.१९९७) सामाजिक संघ/संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको छ । यसैगरी समाज कल्याण परिषद् (८९७१), आन्तरिक राजस्व कार्यालय (पान नं : ३००३३४४३३०), गै.स.स. चितवन (३०५-२०५८/५९), गै.स.स. महासंघ (C.R.CHI-27),प्रजातान्त्रिक गै.स.स. महासंघ नेपाल (FEDEN),एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समूह नेपाल(NANGAN) र नेसो चितवन (१) मा दर्ता तथा आवद्ध भैसकेको छ ।

यो संस्था सहभागिता र साझेदारीमा विश्वास गर्दछ । सहभागितात्मक विकासको लागि सरकारी, सामाजिक, नीजि, राष्ट्रिय, अन्तराष्ट्रिय, बहुराष्ट्रिय संघ संस्था र समुदायका मानिसहरुसंग मिलेर साझेदारीमा काम गर्ने इच्छा राख्दछ । यसले आफ्नो अनुभवलाई यस्तै क्षेत्रमा काम गर्ने अन्य संघ सस्थाहरुसँग आदन प्रदान गर्न चाहन्छ ।

आर्थिक, सामाजिक तथा राजनैतिक रुपले विपन्न वर्गको रुपमा रहेका महिला, सिमान्त परिवार, दलित तथा जन जातिहरुको आत्म विकासको लागी उनीहरुलाई नै सशक्त बनाई विकासको मूलधारमा सहभागी हुनेवातावरणको सृजना गर्नु वर्तमान समयको आवश्यकता हो।प्रत्येक मानिसमा अन्तर्रनिहित क्षमता र शक्तिलाई ठिक तरिकाले पहिचान गरी परिचालन गर्न मद्धत पुऱ्याइयो भने मानव मात्रको सर्वाङ्गिण विकासमा टेवा पुग्न सक्दछ भन्ने मान्यतामा सहभागीले विश्वास राख्दछ । त्यसैकारण विकास प्रक्रियामा पछि परेका अथवा नसमेटिएका विपन्न वर्गहरु जस्तै महिला, दलित समूदायका मानिसहरुसंग मिलेर काम गर्न चाहन्छ । यस अतिरिक्त आफ्नो अनुभव र दक्षतालाई विपन्न वर्गमा रहेका समूदायका मानिसहरुको पक्षमा उपयोग गर्न इच्छुक अन्य संघ संस्था, नेपाल सरकार तथा अन्तर्राष्ट्रिय संस्थाहरुसंग पनि साझेदारीको रुपमा काम गर्न चाहन्छ ।

वि.स. २०५३ सालमा स्थापना भएको सहभागी संस्थाले विपन्न वर्गका मानिसहरु, विशेष गरि दलित, महिला र सिमान्तकृत परिवारलाई सहभागीतात्मक विकास प्रक्रियामा संलग्न गराउदै उद्देश्यमुलक तथा मिश्रित समूह गठन गरि स्थानीय संस्थाको माध्यमबाट सामाजिक र आर्थिक विकासको लागि चेतना, अभिवृद्धि, महिला स्वास्थ्य, भौतिक पूर्वाधार तथा आय आर्जनका काममा संलग्न हुदै आइरहेको छ । कार्यमूलक कार्यक्रमको अनुभवबाट प्राप्त र सीपलाई नीतिगत, अध्ययन, अनुशन्धान, तालिम, गोष्ठी तथा प्रकाशनको माध्यमबाट सरोकारवाला संघ सस्था र आम समुदाय समक्ष पुर्याएको छ ।

२०८० कार्तिक १६ र १७ गते सम्पन्न रणनैतिक योजना तर्जुमाबाट संस्थाको परिकल्पना,ध्येय, लक्ष र उद्देश्यमा केहि परिमार्जन समेत गरेको छ । देशको परिवर्तित राजनैतिक संदर्भ, संघिय गणतान्त्रिक राज्य व्यवस्थाको शक्ति संरचनामा सजिलै पहुँच पुग्न नसक्ने र विकाशको प्रतिफल पाउन बाट टाढै रहेका विपन्न एवं वञ्चित वर्गको सर्वाङ्गीण विकासको लागी सहभागितात्मक पद्धति द्वारा सशक्तिकरणमा योगदान पुर्याउनु पर्ने आवश्यकतालाई परिमार्जन गरिएका VMGOले आत्मसाथ गरेको छ । संस्थाले हाल अवलम्वन गरेको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य निम्न अनुसार छन् ।

क. परिकल्पना (Vision)

सामाजिक र आर्थिक रुपले आत्मनिर्भर र समृद्ध समाजको निर्माण ।

ख. ध्येय(Mission)

सहभागितात्मक पद्धतिद्वारा लक्षितवर्गको ससक्तीकरणमा योगदान पुर्याउने ।

ग. लक्ष्य (Goal)

विकाशको प्रतिफलबाट वञ्चित महिला,बालबालिका ,जेष्ठ नागरीक, बिपन्न, दलित, अपांगता भएका, जोखिममा रहेका व्यक्ति तथा अन्य सिमान्तीकृत समूहको आर्थिक सामाजिक अवस्थामा सुधार गर्ने ।

घ. उद्देश्यहरु (Objectives)

१. कृषि, वन, वातवरण, जलवायु परिवर्तन, जैविक विविधता तथा समाजिक क्षेत्रका सवालहरुमा अध्ययन र कार्यमूलक अनुसन्धान गर्ने ।

२. लक्षितसमूहको सशक्तिकरण गर्दै गुणस्तरीय शिक्षा,स्वास्थ्य र सरसफाईमा पहुच बृद्धिगर्न सहयोग पुरयाउने ।

३. लक्षित समूहको उद्‌मशीलता विकाश गर्दै शिपमूलक र आयमूलक क्रियाकलापमा संलग्न गराई आर्थिक रुपमा आत्मनिर्भर बनाउने ।

४. लक्षित समूहको जिवनस्तर विकाशका लागि आवश्यक भौतिक पुर्वाधार निर्माणमा सहजिकरण गर्ने ।

५. स्थानिय संघसँस्थाहरुको सँस्थागत क्षमता अभिवृद्धि गर्ने ।

६. सहभागी सँस्थाको सँस्थागत सुदृढिकरणका गर्ने ।

२.२ कार्य पद्‌ती

१). सामाजीक परिचालन

क) समुदाय केन्द्रित योजना तर्जुमा र कार्यान्वयन

ख) समुदायको शसक्तिकरण तथा सवलिकरण

ग) सहभागिता मूलक कार्यक्रम अनुगमन र मूल्याङ्न

घ) स्थानिय स्रोत परिचालन

ङ) सामाजीक रूपान्तरण

२) अनुसन्धान (नीतिगत तथा कार्यमूलक) तथा पैरवी

क) समुदाय, सरकार, राष्ट्रिय र अन्तरराष्ट्रीय संघ सँस्था संगको सहकार्यमा कार्यक्रमको संचालन र निचोडहरूको स्थानियस्तरमा ग्रहण गर्न पैरवी गर्ने

३) सहकार्य

क) संघिय, प्रदेश र स्थानिय सरकार संग सहकार्य गर्ने ।

ख) अन्य सरोकारवाला संघ सँस्था संग सहकार्य गर्ने ।

ग) सामाजीक संजालहरूमा आवद्‌ हुने ।

४) अधिकारमा आधारीत

क) महिला, वालवालीका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा अन्य वञ्चित समुहको अधिकार, सेवा सुविधामा पहुँचका लागी सहजिकरण गर्ने ।

२.३ मूल्य, मान्यता तथा निर्देशक सिद्धान्तहरूलाई पालना गर्दै

१) पारदर्सिता एवं जवाफदेहिता ।

२) समावेसिता ।

३) लैङ्गिक र सामाजीक विभेद माथी सुन्य सहनशिलता ।

४) सँस्थाकापदाधिकारी एवं कर्मचारीहरूले नैतिकरूपले चरित्रवान,ईमान्दार र सरल जीवनपद्‌तीको अवलम्बनगर्ने ।

२.४ नारा

"समुदायका लागी सहभागी

सामाजीक रूपान्तरणका लागी सहभागी"

२.५ संस्थागत प्रतिबद्धता

हामी, नेपालका निर्माता, शहीद र विभूतिहरु तथा आम नेपाली नागरिकहरुप्रति उच्च सम्मान प्रकट गर्दै, सहभागी संस्थाको परिकल्पना, ध्येय, लक्ष र उद्देश्य परिपूर्ति गर्न मन, वचन र कर्मले, पूर्ण निष्ठा र इमान्दारिताका साथ लाग्ने प्रण गर्दै, सहभागी संस्थाका सर्जकहरु एवं यसमा सहभागिता जनाउने सबैप्रति आभार प्रकट गर्दै, संस्थाका लक्षितवर्गको हित र उत्थानका लागि, एक सुयोग्य पात्रका हैसियतमा सदा समर्पित रहनेछु ।

२.६ आचार-संहिता

संस्थामा कार्यरत कार्यकर्ता/ कर्मचारी ले पालना गर्नुपर्ने नैतिक नियम तथा सुरक्षाका कार्यहरु

१. निर्देशक सिद्धान्तहरुको पूर्णरुपमा पालना गर्ने ।

२. सार्वजनिक स्थान, कार्यक्रम वा कार्यालयमा कुनै पनि राजनीतिक विषयमा छलफल, बहस वा टीकाटीप्पणी नगर्ने ।

३. कार्यक्रमको लक्ष्य, उद्देश्य र प्रक्रिया बारे कसैले जानकारी मागेमा शिष्ट र सभ्य भाषामा सबै कुरा पारदर्शी किसिमले बुझाई दिने ।

४. संस्थाका संचालकसमितिका पदाधिकारी बारे सोधखोज र जानकारी मागेमा थाहाभएको कुरामात्र स्पष्ट भनीदिने ।

५. द्वन्द्वको समयमामा द्वन्द्वमा संलग्न पक्ष/विपक्षका कुरा वसार पसारमा नलाग्ने ।
६. दातृ संघ संस्थाका सम्बन्धमा आवश्यक र आफूलाई थाहा भएको भन्दा बढी कुरा नवोल्ने ।
७. फिल्डमा भ्रमण गर्दा सुरक्षाको स्थिति बुझेर मात्र गर्ने ।
८. सम्भावित दुर्घटनालाई ध्यानमा राखी सबै कर्मचारीहरुको दुर्घटना विमा योजनालाई निरनतरता दिने
९. कार्यक्षेत्रमा कुनै अप्रत्याशित घटना घट्नगएमा केन्द्रीय कार्यालय वा सम्बन्धित पदाधिकारीलाई तुरुन्त सूचनागर्ने ।
१०.सामाजिक संस्था माहासंघ(NGO Federation Nepal) द्वारा तयार गरिएको आचार संहिता तथा नेपालमा कार्यरत अन्तराष्ट्रिय निकायद्वारा प्रकाशित निर्देशक सिद्धान्त समेतलाई आदार र सम्मान गर्ने ।

२.७ व्यवस्थापन तथा संचालन

"सहभागी" को व्यवस्थापन र सञ्चालनका लागि ९ जनाको कार्यसमिति छ । जो प्रत्येक ३ वर्षको लागि साधारण सभाबाट निर्वाचित हुन्छ । वर्षमा सामान्यतया ४ पटक कार्य समितिको वैठक बस्दछ । संस्थाको जनशक्ति व्यवस्थापन र परियोजनाहरुको अनुगमन तथा मूल्याकंनको लागि छुट्टै उपसिमिति रहेका छन् । संस्थाको केन्द्रिय कार्यालय, र.न.पा. ९,ज्योर्तिमयटोल चितवन, र फिल्ड कार्यालयहरु नवलपरासीको परासी, भरतपुर महानगरपालिकाको स्याउली बजार हाकीम चोक र प्यूठानको गौमुखि गाउँपालिकामा रहेका छन् । दैनिक कार्य सञ्चालनको लागि आवश्यक पर्ने विद्युतिय उपकरणहरु तथा अन्य भौतिक सुविधाहरु प्रयाप्त मात्रामा रहेका छन् ।

३. कार्यमुलक कार्यक्रम (Action Programmes)

३.१. इपिक प्रोजेक्ट (EpiC Project)

क) परिचय

"**स**हभागी "संस्थाले सन् २००६ देखि विभिन्न परियोजनाको नाममा संचालित कार्यक्रम हाल EpiC परियोजनाको रुपमा चितवन , नवलपुर र नवलपरासी जिल्लामा संचालन भैरहेको छ । यो परियोजना २०२६ सेप्टेम्वर महिनासम्मका लागि संभौता भैसकेको छ ।

यो सेवा अन्तरगत एचआईभी र एड्स लागेकालाई निरन्तर औषधिमा पहूँच बढाउने र नखुलेकाहरुलाई पत्तालगाई उपचारमा संलग्न गराउने रहेको छ । अप्रिल २०२५ बाट अमेरिकाको परिमार्जित निति अनुरुप एचाइभी रोकथामका कामहरुलाई स्थगन गरि एचाइभी जाँच,हेरचाह, स्याहार तथा उपचार लाइ प्राथमिकतामा राखि काम गरिएको छ ।
नवलपरासीको परासीबजार र चितवनको भरतपुर १० स्याउली वजारमा फिल्ड अफिस र सिटी क्लिनिक संचालन भैरहेका छन् । साथै पृथ्विचन्द्र अस्पताल परासीको ए.आर.टी सेन्टरमा समेत कर्मचारी राखेर सेवा दिईएको छ ।

ख) लक्ष्य

चितवन र नवलपरासी जिल्लामा उच्च जोखिममा रहेका व्यक्तिहरु र एचआइभी संक्रमितलाई एचआइभी जाँच, हेरचाह, सहयोग र उपचार सेवा कार्यान्वयन गर्न सहयोग गर्ने ।

ग) लक्षित बर्ग: एचाईभीको उच्च जोखिममा रहेका व्यक्तिहरु ।

घ) परियोजनाका क्रियाकलाप

१.एचआइभी जाँच, हेरचाह, सहयोग र उपचार सेवामा पहुँच वृद्धि गरि एचआइभी संक्रमितलाई उपचारमा नियमित बनाउने : उच्चजोखिममा रहेको जनसंख्यालाई City clinic बाट एचआइभी परिक्षण र उपचारका साथै जोखिममा रहेका व्यक्तिलाइ एचाइभी सर्न नदिन PrEP(Pre exposure prophylaxis treatment) सेवादिने, Clinic बाट पत्तालागेकाएचआइभी संक्रमितलाई नजिकैको एआरटी केन्द्रबाट उपचार लिन सहयोग गर्ने र नियमितहुन मद्दत गर्ने र अन्यआवश्यकीय सेवा जस्तै पीएमटीसिटी, टिभी परिक्षण र उपचार, भाइरल लोड गणना र सहयोग गर्ने ; र एचआइभी परिक्षण सम्बन्धी नयाँ प्रविधी प्रर्वद्धन गर्ने र लागु गर्न सहयोग गर्ने ।

२. **योजना,सुपरिवेक्षण,सर्वेक्षण र गुणस्तर कायमगर्न प्रणालीविकास गर्ने** : जोखिममा रहेका वर्ग पहिचान, परिक्षण र उपचारका Gap पत्तालगाउने ;नियमित तथ्याङ्क विश्लेषण गरि कार्यक्रम कार्यान्वयनमा सुधार गर्न नियमित सहयोगात्मक सुपरिवेक्षण गरि गुणस्तर कायम राख्ने ।

ङ) कार्य क्षेत्र :

चितवन, नवलपरासी पूर्व र पश्चिम जिल्लाका सबै गाउंपालिका र नगरपालिकाहरुलाई कार्यक्षेत्र वनाईएको छ ।

च) परियोजनाको संख्यात्मक लक्ष्य तथा प्रगति विवरण

क.स	समुह	लक्ष्य	प्रगती	प्रतिशत	कैफियत
१.एचआइभी संक्रमितलाई घर तथा समुदायमा भेटघाट					
क.	एचआइभी संक्रमित	६४१	७९३	१२४	
२. एचआईभी परामर्श र परिक्षण					
ख	उच्च जोखिममा रहेका व्यक्तिहरु	९५०	१०९१	११५	
ग.	नया एचआइभी संक्रमित पहिचान	३३	४४	१३३	
३.एच.आई.भि रोकथामको लागि प्रेप औषधि बितरण					
क.	PLHIV का पार्टनर र अन्य जोखिममा रहेका व्यक्तिहरु	१९४	१८९	९७	
४. एचाईभी संक्रमितका पार्टनरमा खोज र जाँच					
क.	संक्रमितका पार्टनरहरुको एचाइँभी जाँच	६५	६४	९८	
५.नयाँ एचाईभी संक्रमितलाई उपचार					
क.	नयाँ एआरटी सुरु	८५	७६	८९	
६.	**भाइरल लोड गणना**				
क.	एचाइभी संक्रमितहरुको रगतको नमुना संकलन	१०१२	१५७८	१५६	
७.	**औषधि छोडेकालाइ पुन एआरटि सुचारु**				
क.	एआरटि पुन सुचारु	५	७	१४०	
८.	**एचाईभि संक्रमितलाई सपोर्ट ग्रुप मिटिङ**				
क.	२० वटा मिटिङ मार्फत एचाईभि संक्रमितलाई परामर्श	२० वटा मिटिङ मार्फत	१८१ जनालाइ परामर्श		
९.	**पृथ्वी चन्द्र अस्पतालमा मिटिङ**				
क.	एआरटि सेवाको गुणस्तर बृद्धिका लागि मासिक मिटिङ		१० वटा		

छ) प्रमुख गुणात्मक उपलब्धी (प्रगति)

- एचआईभी एड्सको क्षेत्रमा कामगर्ने संघ संस्थासंग नियमित सम्पर्क समन्वय एवं सहकार्य ।
- नियमितरुपमा कार्यक्रम प्रगति प्रतिवेदन सरोकारवाला सस्थाहरुसंग प्रेशण ।
- विश्व एड्स दिवस, कण्डम दिवस जस्ता दिनहरुमा जिल्ला एड्स समन्वय समिति र सरोकारवालाहरु संगको समन्वयमा संयुक्त रुपमा जनचेतनामुलक क्रियाकलापहरु संचालन ।
- लक्षित समुहको व्यवहार परिवर्तन एवं उपचार खोजीगर्ने वानिको विकासको लागि लक्षितवर्गवाट नै साथीशिक्षकको रुपमा परिचालन तथा क्षमता अभिवृद्धि ।
- प्राथामिक स्वास्थ्य केन्द्रवाट पनि सेवा विस्तारकोलागी प्रकिया अगाडी बढाइएको ।
- आप्रवासी कामदारहरु ध्यानमा राखि भारत सिमा क्षेत्रमा पनि आउटरिच सेवाविस्तार

ज) असलअभ्यास र सिकाई

यस परियोजना अर्न्तगत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग नियमित भेटघाट तथा सम्पर्क, समाजमा एचआइभी तथा यौनरोग रोकथाम तथा उपचारका लागी सूचना सहज र छिटो रुपमा पुऱ्याउनको लागी १० जना दौतरी साथी शिक्षकलाई परिचालन, एकिकृत सेवा सञ्चालनका लागि विभिन्न संघ सस्थाहरु सँगको सम्पर्क तथा समन्वय, जोखिममा भएका व्यक्तिलाइ व्यवहार परिवर्तन गराउनका लागी उनिहरुलाई आयआर्जनका कार्यमा संलग्न गराउनका लागि समन्वय जस्ता अभ्यास तथा सिकाईहरु भए ।

परियोजना अर्न्तगतका केहि तस्विरहरु



पृथ्वी चन्द्र अस्पतालको वार्षिक समिक्षामा कार्यक्रम संयोजकले प्रस्तुति दिनुहुदै



३८ औ विश्व एड्स दिबस मनाईरहेको झलक चितवन



इपिक नेपालको टेक्निकल टिमले पृथ्वी चन्द्र अस्पतालमा भिजिट पछि मेसु र अस्पताल टिमसंग लिइएको तस्विर - परासि



भरतपुर एआरटिमा US Ambassy भिजिट पश्ताच मेसु संग लिइएको तस्विर

३.२.स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रममा प्राविधिक सेवा तथा सामुदायिक परिचालन :

स्थानीय झोलुङ्गे पुल निर्माण कार्यक्रम, चितवन(Bridge Building at Local Level-Program,Chitwan)

क) <u>परिचय</u>

चितवन जिल्लाका पहाडी गा.वि.स.हरुमा खोला तथा नदी आवत जावत गर्न असुविधा भएकोले झोलुङे पुलको माग बढ्दै आइरहेको छ । परम्परागतरुपमा आवत जावतका लागि अपनाइएका विभिन्न माध्यमहरु मानविय क्षतिका हिसाबले संवेदनशिल हुने र वर्षातको समयमा ती उपायहरु प्रभावकारी नहुने हुदा पनि त्यस्ता क्षेत्रमा यसको माग बढ्दै गएको हो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमाली, २०५६ को मर्म बमोजिम स्थानीय पूर्वाधार नीति २०६१ को कार्यान्वयन तथा झोलुङ्गे पुल रणनीति २०६२ बमोजिम झो.पु. निर्माण तथा मर्मत संभार कार्यमा प्राविधिक तथा सामाजिक परिचालनको लागि गैरसरकारी क्षेत्रलाई परिचालन गराउने सरकारको नीति अनुरुप खुल्ला प्रतिश्पर्धावाट छनौट कार्य भईरहेको छ । नेपाल सरकार स्थानीय बिकास मन्त्रालयले आ.व ०६६/०६७ देखि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको संचालन (Trail Bridge Sector Wide Approach (TB SWAp)निर्देशिका-२०६६ अनुसार गर्ने निर्णय गरेको छ । चितवन जिल्ला अन्तरगत सञ्चालित छोटो तरिका (१२० मी सम्मको लम्वाई)झोलुङ्गे पुल कार्यक्रममा सामाजिक तथा प्राविधिक सहजीकरणको लागि गै.स.सको भुमिकामा सहयोगी संस्थाको रुपमा सहभागी संस्थाले निरन्तरकार्यगर्दै आएको छ ।

स्थानीय झोलुंगे पुल निर्माण कार्यक्रम र सामाजिक परिचालन (सन २००२ देखि निरन्तर चलिरहेकोमा हालमा स्थगन गरिएको छ । सहभागी द्वारा संघिय झोलुंगे पुल क्षेत्रगत कार्यक्रम, पालिकाहरु सँगको साझेदारीमा हाल सम्म चितवन जिल्ला मा ८१ वटा झोलुंगे पुल सम्पन्न भएका छन् । संघिय शसर्त अनुदान बजेटको अभावबाट स्थानीय झोलुंगे पुल निर्माण कार्यक्रम स्थगनमा रहेका छन् ।

चितवन जिल्ला विकास समिति, जिल्ला समन्वय समिति चितवन एवं वागमती प्रदेश भौतिक पूर्वाधार बिकास कार्यालय हेटौडा र गाउँ तथा नगरपालिका हरुमा भएको कार्य प्रत्यायोजन संझौताका आधारमा यस जिल्लामा ८२ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरी समुदायमा सबै हस्तान्तरण भई सकेका छन् ।

निर्माण सम्पन्न पुलका तस्विरहरु



सिमलढाप झो.पुको अन्तिम जाँचपास एवं सार्वजनिक लेखापरिक्षण पश्चात समुदायलाई हस्तान्तरण, इच्छाकामना गापा-७



निमार्ण सम्पन्नगरी समुदायलाई हस्तान्तरण,बांग्सिरांग झो.पुल राप्ति न.पा

३.३ दिगो घरबारी बगैंचा पहल कार्यक्रम, प्युठान
(Sustainable Home Garden Initiative Project-SHIP, Pyuthan)

क) परियोजना जानकारी

विगत बर्ष सन् २०११ देखि २१ सम्म हुम्ला जिल्लामा सञ्चालित स्थानीय आत्मनिर्भर कार्यक्रमको सञ्चालन प्रक्रिया र प्रभावकारीताको आधारमा प्रभावित भई सन् २०२४ को जुलाई महिनादेखि प्यूठान जिल्लाको गौमुखी गाउँपालिकामा दिगो घरबारी बगैंचा पहल कार्यक्रम (SHIP) सन्चालनका लागि द च्यारिटेबल फाउण्डेशन (TCF) र ग्लोबल डेभलपमेन्ट ग्रुप (GDG), अस्ट्रेलियाको आर्थिक सहयोग उपलब्ध भएकोछ । यस कार्यक्रमको उद्धेश्य घरबारी बगैंचाको अभ्यास र सम्बन्धित गतिविधिहरूद्वारा कृषि उत्पादकत्व, सीप र ज्ञानमा वृद्धि गर्नु रहेको छ । परियोजनाको समयावधि ३० जुन २०२९ सम्म रहेता पनि पहिलो र दोस्रो बर्षका लागि परियोजना स्वीकृत गरे अनुसारको कार्यक्रम सफलताका साथ सम्पन्न गरिएको छ । तेस्रो, चौथो र पाचौ बर्षको गतिविधिहरु पुनः सुचारु गर्न द च्यारिटेबल फाउण्डेशन (TCF) को मुल्याकंन र वोर्डको स्वीकृती आइसकेको छ ।

ख) परियोजनाको मूल उद्धेश्य

१. परियोजनाको सामान्य उदेश्य : प्यूठान जिल्लाको गौमुखी गाउँपालिकाका संचालित दिगो घरबारी बगैचा पहल कार्यक्रममा आबद्ध कृषकहरूको कृषि गतिविधि मार्फत आर्य आर्जन गरि आम्दानी वृद्धि गराउने ।

२. परियोजनाको विशिष्ट उदेश्य : दिगो घरबारी बगैंचा तथा सम्बन्धित कृषि गतिविधिहरूको अभ्यास मार्फत कृषकहरुमा कृषि उत्पादनशीलता, सीप तथा ज्ञान अभिवृद्धि गराउने ।

ग) परियोजनाको मुख्य मुख्य क्रियाकलापरु

१. स्थानिय स्रोत व्यक्तिको विकाश, परिचालन र पुनर्ताजगी कार्यक्रम
२. घरधुरी स्तरमा स्थानिय स्रोत व्यक्ति परिचालनबाट ८९९ वटा घरबारी बगैंचा निर्माण, दिगो माटो व्यस्थापन अभ्यास ।
३. घरबारी बगैंचा निर्माणका लागि सामग्री र उपकरण वितरण ।
४. नर्सरी उद्दमी छनोट र नर्सरी व्यवस्थापन/पुनर्ताजगी तालिम प्रदान गरि विरुवा उत्पादन र २ जना नर्सरी व्यवसायीलाई नर्सरी उपकरण वितरण
५. अगुवा कृषकलाई तरकारी विउ उत्पादन र प्रशोधन तालिम तथा अर्धव्यवसायिक खेति तालिमका साथै कृषि सवाल सम्बन्धि अध्यावधिक प्रसार सामग्री निर्माण तथा वितरण
६. केहि अगुवा कृषकहरुलाई उत्पादन गरेका तरकारीहरुलाई के कसरी कहाँ बिक्रि गर्न सकिन्छ भन्ने कुराको जानकारी तथा सिकाईका लागी प्यूठान देखि बुटवल सम्मका तरकारी व्यबसायीहरु, सब्जीमण्डी, पैचो पसल जस्ता व्यबसायीहरुसंग अन्तरक्रिया तथा अवलोकन गराउने कार्य ।

घ) परियोजनाको गुणात्मक उपलब्धीहरु

१ .स्थानिय स्रोत व्यक्ति विकासका लागि क्षमता अभिवृद्धि तालिम ५ दिन
२. फिल्ड कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम तथा अवलोकन भ्रमण- जिल्ला बाहिर ३ दिन
३. स्थानिय स्रोत व्य क्तिहरुका लागी पुनर्ताजगी तालिम ३ दिन
४. नर्सरी व्यवस्थापन पुनर्ताजगी तालिम ३ दिन
५. तरकारी बिउ उत्पादन तथा प्रसोधन तालिम ३ दिन
६. फलफूल तथा तरकारी पोस्ट हार्भेस्ट तालिम ३ दिन
७. तरकारी तथा फलफुल खेती बिषयक अर्ध व्यावसायिक तालिम ५ दिन
८ .घरबारी बगैचाका लागि बीउविजन सहयोग (वर्षमा दुई पटक)
९. एकदिने फलफूल रोपण तथा व्यबस्थापन तालिम
१०. फलफूलका बिरुवा वितरण
११. घरबारी बगैचाका लागी चाहिने कृषि औजार सहयोग

१२. स्थानिय स्रोत व्यक्तिहरुलाई१२ जना परिचालन
१३. सहभागितामुलक अनुगमन तथा मुल्यांकन कार्यक्रम अन्तरर्गत पालिकाका उपप्रमुख, कृषिशाखाका प्रतिनिधि र फिल्ड अफिसका कर्मचारीको संयुक्त अनुगमन
१४. अगुवा कृषकलाई तरकारी बिक्रि वितरण सम्बन्धी बजार अबलोकन- जिल्ला बाहिर प्यूठानदेखि बुटवलसम्म
१५. संस्थाको अनुगमन र मुल्यांकन विभाग, TCF कार्यकारी प्रमुख एवं कर्मचारीद्वारा कार्यक्रम अनुगमन, सल्लाह सुझाब तथा सहजीकरण ।
१६.फिल्ड कर्मचारी र स्थानिय स्रोत व्यक्तिको सयुक्त मासिक बैठक ।
१७.अर्ध-वार्षिक र वार्षिक प्रगति समिक्षा बैठक ।

ङ) परियोजनाको संख्यात्मक उपलब्धीहरु

१. ८९९ घरबारी बगैचामा स्थानिय स्रोत व्यक्तिहरुले सेवा पुराउनु भएको ।
२. ८२० कृषकहरुलाई सिजन अनुसारको बिउविजन वितरण (दुइ पटक वर्षमा)प्युठाने रातो मुला, सलगम ,तनेबोडी - नयाँ र राम्रो उत्पादन
३. प्लट छुट्टाएर कृषकहरुले तरकारी लगाउनु भएको
४. तरकारी लगाउने जग्गाको विस्तार भइ उत्पादनमा वृद्धि एवम् बिक्रि गर्न सुरुवात
५. कृषकहरुलाई फलफुल वितरण विवरण - ४६२२
   - पहिलो वर्ष - १७५७ फलफुल बेर्ना बितरण मध्ये १६ % बिरुवा मरेको
   - दोस्रो वर्ष - २८६५ फलफुल बेर्ना बितरण
   - २०८२ साल माघ महिनामा - ६०५ फलफुल बेर्ना बितरण (ओखर -२७०, नास्पति -३२०, हलुवाबेद - १५)
   - २०८३ साल असार महिनामा - २२६० फलफुल बेर्ना बितरण (कागती,अम्बा,सुन्तला,जुनार,अंगुर,अनार,आप,एभोकाडो)
   - २०८३ साल असारमा गौमुखि गाउँपालिकाबाट कृषकहरुलाई वितरण गर्नको लागि ८०० अम्बा बेर्ना सहयोग
६. पालिकाको आर्थिक सहयोगमा सबै वडामा १७४ कृषकलाई फलफुल रोपण तथा व्यवस्थापन स्थलगत तालिम
७. तरकारी र फलफुल खेति प्रबिधि र विभिन्न मोडेल हरुको प्रयोग - नमस्ते मोडेल, टाड बिधि,अनिबार्य खाडल खनेर फलफुल रोपण ।
८. सबै घरधुरीमा स्थानिय स्रोत व्यक्ति गएर झोलमोल बनाउने तरिका सिकाएको - हालमा सबै घरधुरीमा झोलमोल भएको
९. झोलमल बनाउनको लागि सबै ८९२ घरमा ड्रम (६० लि.) र प्रयोग तथा पानी चार्नको लागि हजारी वितरण
१०.हरेक घरमा न्युनतम ५ प्रकारको तरकारी तथा ४ प्रकारको फलफुल रहेको
११.गाउँपालिकाका ५ जना अगुवा कृषकहरूलाई बुटवल भ्रमण गराई आधुनिक कृषि बजार प्रणाली र मूल्य शृङ्खला -Value Chain) सम्बन्धी व्यावहारिक ज्ञान
१२. ३ जना नर्सरी नाइकेलाई स्थलगत तालिमको लागि दाङ पठाएको
१३. स्थानीय नर्सरी लिबांग - विजय ओली बाट २७० वटा ओखरको बिरुवा तथा बिष्णु पुन बाट ६० वटा रुखकटर र १० वटा बदाम (Almond) खरिद गरेर कृषकलाई वितरण

च) परियोजना संचालन गर्दाका समस्याहरु

१. असिना र भारी वर्षाका कारण तरकारीका बेर्ना तथा बालीमा क्षति पुगेको
२. पशुचौपायाबाट क्षति र उचित हेरचाहको कमी - फलफुलमा
२. उत्पादित तरकारीको बजार व्यवस्था नहुनु
३. उत्पादक कृषकहरु बिचमा व्यापार सम्बन्धी नेटवर्क नहुनु
५. थोरै जग्गामा धेरै बिरुवा बाक्लो संग लगाई दिने
६. स्थानीय जातका तरकारी बिउको लोप हुदै जानु र बर्ण संखर (जुन बिउ बाट बिउ बन्न सक्दैन) हावी हुनु।
७. तरकारीको बेर्ना उत्पादन तथा फलफुल व्यवस्थापन सम्बंन्धी ज्ञानको कमि ।
८. पोस्ट-हार्भेस्ट प्रविधिको कमी र नोक्सानी ।

छ) परियोजनालाई सुझाब तथा सिकाईहरु

१. कृषकहरुलाई लहरे बाली तरकारीको बेर्ना जमाउन सिकाउनु पर्ने ।
२. सामग्री वितरणभन्दा सीप र प्रविधिमा जोड दिनु पर्ने - 3G cutting, Pinching
३. सुरक्षित नर्सरी व्यवस्थापन सीप ।
४. स्थलगत तालिम गराउदा प्रभावकारी हुने ।
५. फलफुलमा काटछाट र मलजल गर्नुपर्ने भनेर कृषकलाई सिकाउनु पर्ने
६. परम्परागत र आधुनिक सीपको संयोजन गरेर खेति गर्नुपर्ने
७. स्थानीय जातका तरकारी बिउ उत्पादन र प्रयोगमा जोड दिनुपर्ने ।
८. बजार शृङ्खला र सहकारी मोडेलको विकास गर्नुपर्ने
९. गाउँपालिकासँग एकीकृत समन्वय र संयुक्त अनुगमन
१०. कृषकहरूलाई नयाँ नयाँ ज्ञान र उत्प्रेरक प्रविधिको प्रयोग गर्दै तरकारी र फलफूलका बिरुवा रोप्न प्रोत्साहित गर्नुपर्छ ।
११. बाह्य क्षेत्रका नर्सरीबाट फलफूलका बिरुवाहरू खरीद गरि कृषकलाई वितरण गर्न लैजानु भन्दा स्थानीय नर्सरीमा उत्पादित बिरुवा कृषकलाई वितरण गर्दा सजिलो,सुरक्षित र ढुवानी खर्चमा कमी हुने ।

सुचकका आधारमा पहिलो र दोस्रो बर्षका घरधुरीको स्तरीकरणको विवरण

सुचक	आधार	स्तर	प्रतिशत
०-पूरा नभएको	जमिनको आकार २५० वर्ग मिटरभन्दा कम, बाली विविधता आवश्यक मापदण्ड अनुसार नभएको ।	०	०
१- कमजोर	जमिनको आकार र बाली विविधता आंशिक रुपमा पुरा गरिएको; कम्पोस्ट खाल्डो व्यवस्थापन गरिएको; उत्पादनले परिवारको उपभोग धान्न नसक्ने; सिचाइँ सुविधा सीमित मात्रामा उपलब्ध ।	१७५	१९.४७
२-सामान्य	जमिनको आकार र बाली विविधता मापदण्ड पुरा गरिएको; उत्पादनले परिवारको उपभोगमा आंशिक योगदान ,तर आम्दानीमा न्यून योगदान (१०% भन्दा कम); सिचाइँको मध्यम स्तरको उपलब्धता; माटो व्यवस्थापन र रोग कीरा नियन्त्रण अभ्यास गरिएको ।	६५९	७३.३०
३-राम्रो	जमिनको आकार मापदण्ड अनुसार पुरा गरिएको; बाली विविधता अपेक्षित मापदण्डभन्दा बढी; उत्पादन बाँड्न वा बेच्न सकिने; सिचाइँ राम्रो र प्रभावकारी; रोग, कीरा र माटो व्यवस्थापन मापदण्ड अनुसार; उत्पादन बिक्रीबाट घरधुरीको १०%-४०% आम्दानी हुने ।	६५	१९.४७
	जम्मा	**८९९**	**१००**

कार्यक्रमका तस्विरहरु









कृषकहरुलाई ब्यबसायीक तालिम, झोलमोल बनाउने तरिका तथा प्रयोग र घरबारी बगैचा









कृषकहरुका लागी तरकारी बिऊ, फलफुलका बिरुवाका साथै कृषि सामाग्रीहरुको वितरण



कृषकको उत्पादन



कृषकको उत्पादन



दातृ निकाय र सहभागीका प्रमुख एवं जनप्रतिनिधि सहितको टोलीबाट अनुगमन पश्चात छलफल



गाउँपालिका स्तरीय बार्षिक समीक्षा कार्यशाला बैठक

४. **अध्ययन तथा अनुसन्धानात्मक कार्यक्रम** : यस आ.वमा अध्ययन अनुसन्धानका कार्यहरु भएका छैनन् ।

५. प्रकाशनहरु (Publications)

क) वार्षिक क्यालेण्डर (गोजी पात्रो)

संस्थाले कार्यान्वयन गर्दे आएका कार्यक्रमहरुलाई व्यवस्थित र योजनावद्ध किसिमबाट सञ्चालन गर्नकालागि २०८२ को वार्षिक क्यालेण्डर (Year Planner)प्रकाशन गरि संस्थाका साझेदार तथा सरोकारवाला निकायहरु एंव शुभचिन्तकहरुलाई वितरण गरिएको छ । यस गोजी पात्रोले संस्थाको संक्षिप्त चिनारी, कार्यक्रमहरुको विवरण, महत्वपुर्ण सम्पर्क नम्बर लगायत २०८२ सालको क्यालेण्डरलाई समेटेको छ । यसको प्रकाशनबाट कार्यक्रम सञ्चालनमा सहजता र सम्पर्क, समन्वय र संस्थागत पहिचानमा सहयोग पुगेको छ ।

ख.) सहभागी समाचार प्रकाशन : यस आ.वमा संस्थाबाट सञ्चालित परियोजनाका गतिविधिहरुको प्रतिवेदन एवं लेखहरु संकलन भई मसौदा तयारी भएकाले प्रकाशनको प्रकृयामा छ ।

६.संस्थाबाट सम्पन्न अन्य कार्यहरु :

६.१. रत्ननगर ९, प्रगति टोलमा अबस्थीत श्री सिद्धेश्वर महादेव मन्दिरलाई आर्थिक सहयोग



समुदायस्तरमा आधारित सामाजिक सेवा गर्ने उद्धेश्यका साथ वागमति प्रदेश, रत्ननगर नगरपालिका वाड नं. ९, प्रगतिटोल स्थित श्री सिद्धेश्वर महादेव मन्दिर ब्यबस्थापन समितिको आयोजनामा मन्दिर प्राङ्गणमा श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञ, शिव महापुराण कथा प्रवचन, श्रावण मेला बोलबम उत्सव २०८२ श्रावण ४ गते देखि १३ गतेसम्म संचालन रहेको थियो । यसै सन्दर्भमा सहभागी संस्था बाट २०८२ साल श्रावण १२ गतेका दिन श्री सिद्धेश्वर महादेव मन्दिर ब्यबस्थापन, १०८ शिवलिङ्ग स्थापना एवम् धर्मशाला सत्तल, भौतिक पूवाधार निमार्णमा सहयोगार्थ रु ५०००।- अक्षरुपी पाच हजार रुपौया सहयोग गरिएको थियो ।

६.२. कर्मचारी बैठक तथा तीज विशेष कार्यक्रम

नेपाली नारीहरुको महान पर्व हरितालिका तिजको पावन अवसरमा शुभकामना आदान प्रदान, कर्मचारी बैठक तथा दरखाने



कार्यक्रम मिति २०८२ भाद्र ०६ गतेका दिन सहभागी केन्द्रिय कार्यालय परिषरमा सँस्थाका कार्यालय प्रमुख शुभराज शर्माको संयोजकत्वमा एंव अध्यक्ष श्री शालिग्राम शर्माको समुपस्थीतिमा संचालन गरिएको थियो । उक्त कार्यक्रम कार्यसमितिका पदाधिकारीज्यु हरुका साथै केन्द्रीय कार्यालय तथा शाखा कार्यालयका कर्मचारीको उपस्थितिमा उल्लासमय वाताबरणमा सम्पन्न भयो । सो कार्यक्रममा एक अर्कामा राम्रा सिकाई तथा अनुभव आदान प्रदान गरियो, जसले गर्दा एक अर्कामा आत्मीयताका साथै सुमधुर सम्बन्ध स्थापित गर्नलाई सहयोग हुन्छ । साथै संस्थाबाट संचालित परियोजनासंग सम्बन्धीत छलफल पनि गरिनुका साथै आगामी दिनको योजना पनि प्रस्तुत गरिएको थियो । आदरणीय अध्यक्ष ज्यूबाट सबैलाई तिजको

शुभकामना दिदै संस्थाबाट संचालित कार्यक्रमका प्रभावकारीता को प्रसंसा गर्नु भएको थियो । यस पर्व प्रत्येक बर्ष दाजुभाईले दिदि बहिनी लाई बनाएर खुवाउने र तिहारमा दिदि बहिनीले दाजुभाईलाई खुवाउने चलन राखीदै आएका छौ । तीज हिन्दू महिलाहरूको एक महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो, नेपालमा तीज विशेष रूपले महिलाहरूद्वारा श्रावण शुक्ल तृतीयाका दिन हरितालिका तीजका रूपमा धूमधामले मनाइन्छ । तीज पर्वको मुख्य उद्देश्य शिवजी र पार्वतीको दिव्य मिलनको सम्झनामा महिलाहरूको श्रद्धा, भक्तिको अभिव्यक्ति गर्नु हो । पछिल्ला वर्षहरूमा तीज पर्वमा महिला अधिकार, सामाजिक न्याय र आत्म-प्रकाशको आवाज पनि मिसिन थालेकोछ ।

६.३ संस्थाको साधरण सभा



मिति २०८२ साल भदौ १४ गते सनिवारका दिन संस्थाको २५ औ. साधारण सभा सञ्चालक समितिका अध्यक्ष शालिग्राम शर्माको अध्यक्षतामा रत्ननगर-९,ज्योर्तिमय टोल स्थित केन्द्रीय कार्यालय परिसरमा सम्पन्न भयो । साधारण सभाको संचालन संस्थाका सचिव डा. एक नारायण पौड्यालले गर्नु भएको थियो भने संचालक सदस्य गीता देवकोटाले स्वागत मन्तव्य राख्नु भएको थियो ।साधारण सभामा संस्थाका पूर्व अध्यक्ष विरभद्र आचार्य, निवर्तमान अध्यक्ष डा.शुसन आचार्य, वर्तमान संचालक समितिका पदाधीकारीहरु, आजिवन सदस्य, साधारण सदस्य एवं केन्द्रिय कार्यलय तथा फिल्ड कार्यलयका कर्मचारीहरुको समेत उपस्थीति रहेको थियो ।

उक्त कार्यक्रममा संस्थाका सचिव डा. एक नारायण पौड्यालले आव ०८१/८२ को वार्षिक प्रतिवेदन, कोषाध्यक्ष खड्क बहादुर विश्वकर्माले आय व्याय र ०८२/८३ को निति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नु भएको थियो । साथै संस्थाको भावि कार्यदिशा, संचालित कार्यक्रमहरु र चुनौहरुको बारेमा अध्यक्ष ज्यूले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।



अन्त्यमा, अध्यक्ष शालिग्राम शर्मा ज्यूले संस्थाले कठिन चुनौती पार गर्दै आफ्नो साख स्थापित गरी ३० औँ वसन्तमा प्रवेश गरेको बताए । यस अबधी सम्म संस्थाले गरेका सफलताको बयान गदै त्यस अबधीमा आएका चुनौतीहरुलाई सामाना गदै बिभिन्न आरोह अबरोह पार गदै संस्थाको छवि राख्नको लागी संचालक सदस्य, कर्मचारी मित्र र साधारण सदस्यहरुले खेल्नु भएको भुमिकाको उच्च सम्मान गर्नु भएको थियो । यस बर्ष संस्थाको नयाँ आयममा जेष्ठ नागरिक आनन्द भवन निमार्णको चरणमा प्रवेश गरेका छौ भन्दै संम्पूर्ण साधारण सभामा उपस्थीतहरुलाई धन्यबाद ज्ञापन गदै सभा समापन गर्नु भएको थियो

६.४ संस्थाको ३० औँ स्थापना दिवसको अवसरमा ज्येष्ठ नागरिक आनन्द भवनको शिलान्यास कार्यक्रम



संस्थाको केन्द्रिय कार्यालय परिसरमा मिति २०८२ साल चैत्र २५ गतेका दिन संस्थाका अध्यक्ष शालिग्राम शर्माले दीप प्रज्वलन गरि कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो । संस्थाका अध्यक्ष शर्माको अध्यक्षतामा भएको उक्त कार्यक्रममा कार्यसमितिका सचिव डा.एकनारायण पौड्यालले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन तथा संस्थाले वर्तमान समयमा गरेका कार्यहरूको प्रगति विवरण संस्थाका कार्यालय प्रमुख शुभराम शर्माले प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा संस्थालाई वर्तमान अवस्था सम्म ल्याउने संस्थापक सदस्यहरू, आजीवन तथा साधारण सदस्यहरू, वर्तमान तथा पूर्व कार्यसमितिका पदाधिकारीहरू एवं कर्मचारी साथीहरूको विशिष्ट योगदान प्रति उच्च सम्मान प्रकट गरि हाल विभिन्न दात्री निकायको सहयोगमा सञ्चालन गरिएको परियोजनाबारे समेत जानकारी गराउनु भयो । कार्यक्रममा रत्ननगर नगरपालिका वार्ड नं ९ का वार्ड अध्यक्ष अनन्त अधिकारी सहित ४० जना को सहभागिता रहेको थियो ।
कार्यक्रममा सम्पूर्ण सहभागीहरूको प्रतिनिधित्व राख्दै वाड अध्यक्ष अनन्त अधिकारीले सहभागीले २९ औँ वर्षको अन्तरालमा बिभिन्न किसिमका समुदाय केन्द्रित सामाजिक, आयमूलक तथा जनचेतना सशक्तीकरण कार्यहरू गदै आइरहेकोमा प्रशंसा गदै संस्थाले सुरुवात गर्न लागेको ज्येष्ठ नागरिक आनन्द भवन निर्माण कार्यलाई समुदायले पनि चासो लिएको हुनाले सबैतिरबाट सहयोगको अपेक्षा राख्नु भएको थियो ।
अन्त्यमा कार्यक्रमका प्रमुख अतिथि एव रत्ननगर नगरपालिका वाड नं ९ का वाड अध्यक्ष र संस्थाका अध्यक्ष बाट संयुक्त रुपमा भवन शिलान्यास गरेर कार्यक्रम सम्पन्न भएको थियो ।

६.५ संस्थाको निति निर्दैशिकाहरुको पुनरावलोकन कार्यशाला

संस्थाको आयोजनामा मिति २०८२ साल चैत्र २७ र २८ गते संस्थाको शाखा कार्यालय भरतपुर १० मा चलेको सत्रमा संस्थाका कार्यसमितिका पदाधिकारी, आजीवन तथा साधारण सदस्यहरु र परियोजनामा कार्यरत कर्मचारी सहित १९ जनाको संलग्नतामा रहेको थियो । जसमा ११ वटा नीति निर्देशिकाहरुको पुनरावलोकन गदै २ दिने कार्यक्रम सम्पन्न भएको थियो ।



संस्थाका अध्यक्ष शालिग्राम शर्माले उक्त कार्यशालाको उद्घाटन गर्नभएको थियो भने कार्यक्रममा सहजीकरण संस्थाका पूर्व अध्यक्ष वीरभद्र आचार्य र सहजकर्ता रन्जन श्रेष्ठले गर्नुभएको थियो । हाल संस्थाले प्रयोगमा ल्याइएका बिभिन्न नीति तथा निर्देशिकाहरुमा व्यापक छलफल गदै आवश्यक सल्लाह, सुझाब दिदै संस्थाको आवश्यकता अनुसारका नयाँ नयाँ कुराहरु र संस्थालाई अगाडी बढाउने तौर तरिकाहरुमा सहभागी हुनु भएका सम्पूर्णको सल्लाह सुझावलाई छलफल गदै संस्थाको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्यहरु अनुसार अद्यावधिक गर्दै जाने भन्ने विषयमा कार्यशालामा जोड दिइएको थियो । समापन सत्रमा अध्यक्ष शालिग्राम शर्माले यस कार्यशालाले संस्थालाई भावि दिशातिर उन्मुख गर्नको लागी निकै टेवा पुग्ने बिश्वास लिएको बताउदै सबैजनाले आ आफ्नो तर्फबाट सल्लाह सुझाबहरु, समन्वय,सहकार्य को खाचो रहको बताउदै २ दिने कार्यशालाको समापन गर्नुभएको थियो ।

६.६ जेष्ठ नागरिकहरुको अवस्था तथा आवश्यकता अध्ययन

सहभागी संस्था को आयोजना र भरतपुर महानगरपालिकाको समन्वय तथा आर्थिक सहयोगमा वडा नं. १०, ११ र १२ बसोबास गर्ने ज्येष्ठ नागरिकहरूका लागी १ दिने जेष्ठ नागरिकहरुको आवश्यकता तथा पहिचान सम्बन्धी अभिमुखीकरण कार्यक्रमम ५० जना जेष्ठ नागरिकहरूका लागि १ दिने अभिमुखीकरण भरतपुर १० दुर्गा मन्दिरको सभाहलमा २०८३ साल बैशाख १९ गते सनिवार गरिएको थियो । संस्थाका अध्यक्ष शालिग्राम शर्माको अध्यक्षता एवं जेष्ठ नागरिक संघ चितवनका अध्यक्ष माधब शर्मा घिमिरे ज्यूको प्रमुख आतिथ्यमामा कार्यक्रमको उद्घाटन गरिएको थियो । अभिभुखिकरण कार्यक्रममा संस्थाका अध्यक्ष शालिग्राम शर्मा, कानुन विद् गोविन्द सिग्देल र प्रमुख माधब शर्मा घिमिरेले जेष्ठ नागरिकहरुको आवश्यकता तथा पहिचान सम्बन्धी सहजीकरण गर्नु भएको थियो भने व्यबस्थापनमा संस्थाका कार्यक्रम अधिकृत हरि प्रसाद आचार्यले गर्नु भएको थियो । अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य वडा क्षेत्रभित्र रहेका ज्येष्ठ नागरिकहरूको वास्तविक अवस्था,



आवश्यकता, समस्या, क्षमता र पहिचानलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्नुका साथै उहाँहरूलाई उपलब्ध सेवा, सुविधा र अधिकारबारे जानकारी गराउनु हो ।

ज्येष्ठ नागरिकहरू समाजका अनुभव, ज्ञान र संस्कृतिका जीवित सम्पदा हुनुहुन्छ । उहाँहरूले आफ्नो जीवनभर परिवार, समाज र राष्ट्र निर्माणमा पुऱ्याउनुभएको योगदान अतुलनीय छ । त्यसैले उहाँहरूको सम्मान, सुरक्षा, स्वास्थ्य, सामाजिक सहभागिता र अधिकारको सुनिश्चितता हाम्रो साझा दायित्व हो । सहभागी संस्था र भरतपुर महानगरपालिकाको सयुक्त लगानीमा गरिएको यस कार्यक्रममा सहभागी संस्थाले ३० प्रतिशत र पालिकाको ७० प्रतिशत गरिएको थियो ।

६.७ अपाङ्गता सम्बन्धी अभिमुखीकरण

सहभागी संस्था को आयोजना र भरतपुर महानगरपालिकाको समन्वय तथा आर्थिक सहयोगमा वडा नं. १०, ११ र १२ तथा आसपासका वडाका ख र ग वर्गमा पर्ने २५ जना अपाङ्गता भएका व्यक्तिहरूका लागि १ दिने अपाङ्गता सम्बन्धी अभिमुखीकरण भरतपुर १० दुर्गा मन्दिरको सभाहलमा २०८३ साल बैशाख २१ गते सोमबार गरिएको थियो । संस्थाका अध्यक्ष शालिग्राम शर्माको अध्यक्षता एवं बौदिङ्ग अभिभावक सङ्घ चितवनका अध्यक्ष निर्मल श्रेष्ठको प्रमुख आतिथ्यमामा कार्यक्रमको उद्घाटन गरिएको थियो । अभिभुखिकरण कार्यक्रममा संस्थाका अध्यक्ष शालिग्राम शर्मा, कानुन विद् श्रीराम सापकोटा र प्रमुख अतिथि निर्मल श्रेष्ठले अपाङ्गता भएका व्यक्तिहरुको वर्तमान अवस्था तथा हालसम्म भएका प्रयास र उपलब्धीमा सहजीकरण गर्नु भएको थियो भने व्यवस्थापनमा संस्थाका कार्यक्रम अधिकृत हरि प्रसाद आचार्यले गर्नु भएको थियो ।कार्यक्रमको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, अवसर, क्षमता विकास तथा राज्यबाट उपलब्ध सेवा-सुविधाबारे जानकारी गराउनुका साथै उहाँहरूको आत्मविश्वास, नेतृत्व क्षमता र सामाजिक सहभागितालाई अझ सुदृढ बनाउनु रहेको थियो । अपाङ्गता कुनै व्यक्तिको कमजोरी होइन, समाजमा रहेका भौतिक, सामाजिक तथा व्यवहारगत अवरोधहरूले नै व्यक्तिलाई पछि पार्ने अवस्था सिर्जना गर्छन् । त्यसैले सबै नागरिकले समान अवसर, सम्मान र पहुँच प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्नु राज्य, स्थानीय तह, समुदाय र हामी सबैको साझा जिम्मेवारी हो भन्नेमा सबैजनाले उत्प्रेरित गर्नु भएको थियो । अभिमुखीकरणमा अपाङ्गता सम्बन्धी कानुनी व्यवस्था, अपाङ्गता भएका व्यक्तिको अधिकार, सामाजिक सुरक्षा, स्थानीय तहबाट उपलब्ध सेवा-सुविधा, स्वास्थ्य, शिक्षा, रोजगारी, सीप विकास, आत्मनिर्भरता तथा समुदायमा सक्रिय सहभागिताका विषयमा समेत छलफल गरिएको थियो । सहभागी संस्था र भरतपुर महानगरपालिकाको सयुक्त लगानीमा गरिएको यस कार्यक्रममा सहभागी संस्थाले ३० प्रतिशत र पालिकाको ७० प्रतिशत गरिएको थियो ।



६.८ फलफुलका बिरुवा रोपण तथा व्यबस्थापन तालिम सम्पन्न

सहभागी संस्था र गौमुखि गाउँपालिकाको आर्थिक सहयोगमा मिति २०८३ साल असार ७ गतेदेखि ११ गते सम्म पालिकाका सबै ७ वटै वार्डहरुका कृषकहरुका लागी फलफुलका बिरुवा रोपण तथा व्यबस्थापन तालिम सम्पन्न भएको छ । तालिममा सबै वार्डहरुबाट १७४ जनाको सहभागीता थियो । तालिममा सहभागीका कृषि विज्ञ रामकृष्ण घिमिरे, फिल्ड कोओडिनेटर निसान खत्रि र सामाजिक परिचालक कश्यप पुरिद्धारा व्यबस्थापन तथा सहजिकरण भएको थियो । स्थलगत तालिम कृषकहरुको लागी लाभदायक भएको कुरा पालिकाबाट पनि अनुसरण गर्नुभएको थियो । साथै यस्ताखालका तालिम आगामी दिनमा पनि पालिका र सहभागी फिल्ड अफिस बिच समन्वय, सहकार्य गर्दै अघि बढ्नको लागी सहभागी फिल्ड कार्यालय र गाउँपालिकाको कृषिशाखाबाट योजना बनाई कार्यन्वयन गर्न अन्तरक्रिया गरिएको



थियो । पालिकाको कृषि शाखाबाट तालिमको अनुगमन तथा मुल्याङ्कन गरि आवश्यक सल्लाह, सुझाबका साथै सहभागीहरुलाई उत्प्रेरित गर्ने कार्य गरिएको थियो ।



६.९ जेष्ठ नागरिक आनन्द भवन निमार्ण : संस्थाको अगुवाईमा यस कार्यक्रमको अवधारणा ल्याइएको हो र भोलीका दिनहरुमा संस्थाले नै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समन्वयन तथा सहकार्य गदै देश विदेशमा रहनुहुने अग्रज सामाजिक व्यक्तित्वका साथै यो अबधारणा लाई मनन गर्ने व्यक्तित्वहरु संग बाट पनि रकम संकलन गदै अघि बढ्ने छ । संस्थाले र.न.पा. ९ को कार्यालय र रत्ननगर नगरपालिकाको सिफारिसमा प्रदेश स्तरिय आर्थिक मामिला तथा सामाजिक विकास मन्त्रालयमा पत्र पेश गरि जसको फलस्वरुप आ.व. २०८२/०८३ का लागि सामाजिक विकास कार्यालय हेटौडाले जेष्ठ नागरिक आनन्द भवन निमार्णको लागि रु ५०,०००० अक्षरुपी पचास लाख रुपैया विनियोजित गरेको थियो भने २०८२ श्रावण महिनामा चलेको जेन्जी आन्दोलनको प्रभावले गर्दा रु ५,००००० घटेर ४५०००० म प्रदेश सरकार सामाजिक बिकास कार्यलयबाट टेन्डर खुलाई प्रक्रिया अगाडि बढाइएको थियो । पुन सोहि आ.व. मै थप रु ५०,०००० बजेट बिनियोजित गरेर स्थानिय उपभोक्ता समिति मार्फत कार्य अगाडि बढाउने शर्तमा काम संचालन गर्नको लागी अनुमति दिए अनुसारले ३ वटा जेष्ठ नागरिक आवास र १ तालिम हलको निमार्ण गरिएको छ ।

७. संस्थाको बार्षिक लेखापरिक्षण :संस्थाको आ.व. २०८३/०८३ को लेखापरिक्षणका लागि नियमानुसार चार्टर एकाउन्टेन्ट N.Chalishe and Associates बाट गराईएको थियो । परिक्षकबाट संस्थाको वित्तीय सारांश, वासलात तथा आय व्यय विवरण समेतको प्रतिवेदन उपलब्ध भयो । उक्त प्रतिवेदन संस्थाको website:www.sahavagi.org.np पढ्न तथा डाउनलोड गर्न सकिन्छ ।

८. आ. व. २०८२/०८३ मा सञ्चालित कार्यक्रम

क्र स	कार्यक्रम	सहयोगी संस्था	कैफियत
१	एकिकृत परिवार नियोजन, एच.आई.भि.रोकथाम, उपचार र स्याहार कार्यक्रम चितवन र नवलपरासी	FHI-360(इपिक नेपाल परियोजना)	जुन २०२७ सम्म स्विकृत
२	स्थानिय झोलुङ्गे पुल निर्माण कार्यक्रम, चितवन	स्थानीय नपा/गाउँपालिकाहरुचितवन rTBSU/ PTAP	स्थगन
३	दिगो घरबारी बगैंचा पहल कार्यक्रम, प्युठान	The Charitable Foundation (TCF), Australia	सन् २०२९ जुन सम्म स्विकृत
४	सहभागी जेष्ठ नागरिक आनन्द भवन निर्माण	नेपाल सरकार बागमती प्रदेश सामाजिक विकास कार्यालय र सहभागी	निरन्तर

९. आ. व. २०८३/०८४ को प्रस्तावित कार्यक्रम तथा बजेट

आगामी बर्षका लागि यस बर्ष संचालित कार्यक्रमहरुको निरन्तरता स्वरुप निम्नानुसारका कार्यक्रम रहेका छन् ।

Income and Expenditure FY 2082/083

Description	Total Income	Total Expenditure	Operational surplus	Remarks
Epic Project (Funding Partner FHI 360)	**1,60,98,385.85**	**1,60,98,385.85**	**0**	
SHIP project (Funding Partner TCF/GDG)	**80,09,336.00**	**80,09,336.00**	**0**	
Income of Central Office (Overhead ,Interest,Membership Fee,Land Rent,Donation & BBLL project)	**35,28,397.00**	**23,87,020.00**	**11,41,377.00**	
Operational Surplus	**2,76,36,118.85**	**2,64,94,741.85**	**11,41,377.00**	

Tentative Budget summary (FY 082/83)

Description	Budget	Percentage %
Program Cost	2,41,07,721.85	87
Operational cost	35,28,397.oo	13
Total Budget	**2,76,36,118.85**	**100**

संस्थाको संगठानात्मक ढाँचा

